## दोगडाकेदार गाउँसभाको तेस्रो बैठक

२०७५ असाढ २३ गते का  दिन  उपाध्यक्ष श्री पार्वती ऐरी कार्की ज्यू द्वारा

प्रस्तुत निति, कार्यक्रम तथा बजेट बक्तव्य

(तेस्रो गाउँ सभा : मिति २०७५ असाढ २३ गते)

आदरणी यस दोगडा केदार गाउँपालिकाको तेस्रो ऐतिहासिक एवम् गरिमामय गाउँसभाका अध्यक्ष महोदय, प्रमुख अतिथि ज्यू, गाउँसभाका सम्पुर्ण सदस्यज्यूहरु, सम्पुर्ण राजनितिक दलका प्रतिनिधिज्यूहरु, अन्य कर्मचारी मित्रहरु, पत्रकार बन्धुहरु उपस्थित अन्य महान भावहरु

नेपाली जनताको लामो समयको त्याग, बलिदानी र संघर्षपछि नेपालमा संघिय लोकतान्त्रिक गणतन्त्रको व्यवस्था कायम भएको परिपेक्ष्यमा यस व्यवस्थाको तेस्रो गाउँसभामा आँगन तथा दैलोको सरकारको रुपमा चिनिने स्थानिय सरकारले आफ्नो आँगनमा सहभागितामूलक पद्धतिबाट योजना छनौट एवंम् तर्जुमा गरी यस दोगडा केदार गाउँपालिकाको आ.व. ०७५/०७६ को निति तथा कार्यक्रम तथा बजेट ( अनुमानित आय व्यय ) प्रस्तुत गर्ने सुअवसर पाउँदा आफुलाई भाग्यमानी ठानेकी छु र संघिय लोकतान्त्रिक गणतन्त्रको स्थापनाको लागी आफ्नो ज्यानको आहुति लगाई शाहदत प्राप्त गर्नुहुने बीर शहिदहरुमा श्रद्धा सुमन अर्पण गर्न चाहन्छु ।

आदणीय अध्यक्ष महोदय,

करीब २० वर्षदेखी स्थानीय निकायहरुमा जनप्रतिनिधिविहीन भएकोले जनताहरुले निकै नै दुःख भोग्नुपरेको र विकास निर्माण ले उचित फड्को मार्न नसकेको कटु यथार्थ यहाँहरु सबैलाई सर्वबिदितै छ । त्यसैगरी, राजधानीबाट निकै नै टाढा रहेको हाम्रो गाउँपालिका विकासका बिभिन्न आयामहरुबाट पछि परेको वर्तमान परिपेक्षमा बिकास निर्माणको लागी सधैं राजधानी धाउनु पर्ने र प्रशासनिक कामको लागी जनताहरुले सधै बैतडी  सदरमुकाम जानुपर्ने बिवश्ताको र बाध्यताको म शब्दमा मात्र बयान गर्न सक्दिन । आफ्नो भाग्य आफै निर्माण गर्न पाउनु र आफ्नो ठाउँ र माटो सुहाउँदो बिकास गर्न पाउनुमा हामी सबै नेपाली जनताको सार्बभौम अधिकार हो तर हाम्रो यो हक र अधिकार विगतको एकात्मक शासन व्यवस्थाको कारण कुण्ठीत हुन पुगेको थियो । पक्कै पनी हामी दोगडा केदार बासीको पीडा, आवश्यकता र स्थानीय साधन श्रोतको पहिचान काठमाण्डौंले गर्न सकेको थिएन, पिडा सुन्न सकेको थिएन । अब हामीले हाम्रो माटो सुहाउंदो र हाम्रो स्थानीय साधन श्रोतहरुलाई अधिकतम परिचालन गरी बिकासको मुल फुटाउने र यस गाउँपालिकालाई नमुना गाउँपालिका बनाउने अवसर र सौभाग्य पाएका छौं जुन संबिधानतः हाम्रो अधिकारको रुपमा स्थापित भएको छ ।

नेपालको संविधान,२०७२ ले सुनिश्चित गरेका प्रावधानहरुलाई व्यवहारिकतः रुपान्तरण गर्ने क्रममा स्थानीय तहको निर्वाचन, २०७४ सम्पन्न भएको छ । संघीय शासन व्यवस्थाको मर्म अनुरुपको राजनीतिक, आर्थिक, सामाजिक तथा वित्तिय स्वायत्तता सहितको स्थानीय तहको शासन सञ्चालन गर्न यस दागडाकेदार गाउँकार्यपालिका तथा गाउँसभाको गठन भएको छ । यति ठूलो परिवर्तन ल्याउनुमा प्रत्यक्ष अप्रत्यक्ष भूमिका खेल्नुहुने सम्पूर्ण जनताहरु, राजनितिक दलहरु, कर्मचारी मित्रहरु, विभिन्न सरकारी गैर सरकारी निकायहरु, पत्रकार मित्रहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । साथै यस सभामा नीति, कार्यक्रम तथा बजेट पेश गरिरहँदा गाउँपालिकालाई सहयोग, सर्मथन गर्नु हुने सम्पूर्ण आदरणीाय दोगडाकेदार बासी दाजुभाई, दिदीबहिनी हरुमा हार्दिक धन्यबाद दिन चाहन्छु ।

आदरणीय अध्यक्ष महोदय,

अब म दोगडाकेदार गाउँपालिकाको आ. ब. ०७५/०७६ को नीति तथा कार्यक्रम प्रस्तूत गर्ने अनुमति चाहन्छु ।

१. जनताका आधारभूत आवश्यकता परिपूर्ति, पूर्वाधार विकास, सामाजिक विकास, दिनानूदिन आईपर्ने समस्याको समाधान तथा सामाजिक एकता कायम गर्ने मूल मर्म र भावनाका साथ यस गाउँपालिकालाई शान्त, समुन्नत र विकसित बनाइनेछ ।

२. गरिबीनिवारण, दलित, अपाङ्ग, अशक्त लगायतका वर्गको क्षमता अभिवृद्धि, तालिम अभिमुखिकरण लगायत सहज जीवन यापनको लागी विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

३. पुर्वाधार संरचना निर्माणमा ऐतिहासिक, धार्मिक स्थल, क्याम्पस विद्यालय, स्वास्थ्य संस्था आदि निर्माणमा तिव्रता दिईनेछ ।

४. कृषि क्षेत्रलाई उत्पादनको प्रमुख क्षेत्रको रुपमा विकास गरिनेछ । कृषि क्षेत्रको आधुनिकिकरण, व्यावसायिकरण र विविधिकरण गरिनेछ । कृषि क्षेत्रलाई निर्वाहमुखि बाट व्यवसायमुखी र आत्मनिर्भरमुखी बनाउदै यस क्षेत्रमा रोजगारीको अवसर सिर्जना गर्न प्रोत्साहित गरिनेछ । प्रत्येक वार्डमा कृषि पकेट क्षेत्र निर्धारण गरी एक टोल एक उत्पादन एक वार्ड एक सिकाई केन्द्र स्थापना गरिने छ ।

५. कृर्षियोग्य भूमिमा सिंचाई भन्ने मूल भावनाका साथ पुराना सिंचाई प्रणालीको मर्मत, थोपा सिंचाई प्लाष्टिक पोखरी लगायत पम्पिङ्ग सिंचाईको माध्यमबाट कृर्षि उत्पादनमा वृद्धि हुने गरी सिंचाई, क्षेत्रमा योजना बनाईने छ ।

६. कृर्षि क्षेत्रमा सांझेदारी लाई बिशेष प्राथमिता दिई कार्यक्रम संचालन गर्न आवस्यक व्यवस्था मिलाईएको छ ।

७. कृषि योग्य भुमिमा सिंचाई भन्ने मुल भावनाका साथ पुरानो सिंचाई प्रणालिको मर्मत, थोपा सिंचाई, प्लास्टिक पोखरी लगाएत पम्पीङ्ग सिंचाईको माध्यम बाट कृषि उत्पादनमा बृद्धी हुने गरी सिंचाई क्षेत्रमा योजना बनाईने छ ।

८. कृषि क्षेत्रलाई प्राथमिकता दिई गाउँपालिका अध्यक्ष कृर्षि आयोजना संचालन गरिने छ । यो कार्यक्रम साझेदारीका रुपमा संचालन गर्न यसका  लागी आवस्यक ब्यवस्था मिलाईने छ । र यसमा सहकारी तथा कृषक साझेदारी लाई जोड दिईने छ ।

९. कृर्षि प्राविधिक, पशु प्राविधिक लाई एक वडा एक प्राविधिक को निति अवलम्बन गरी किसानको खेत गोठमा प्राविधिक हरु पुग्ने ब्यवस्था मिलाईने छ ।

१०. कृर्षिजन्य उत्पादन लाई बजारीकरणको उचित ब्यवस्थापन गर्न कृर्षि सहकारीहरु लाई प्रोत्साहन गरिने ।

११. उद्यमीहरुका लागी साना उद्योगहरुलाई प्रोत्साहन गरी करमा विशेष छुटको व्यवस्था मिलाईने छ । उद्योग धन्दा ब्यापार ब्यवसायको स्थापना र संचालन गर्न आवश्यक पुर्वाधारको व्यवस्था गरी सहज वतावरण बनाईने छ र यस क्षेत्रमा सहकारी प्रोत्साहान गरिने छ ।

१२. यस आ.व. ०७५/०७६ मा रोजगारी सृजना तथा उद्योग स्थापना गर्न अगरबत्ति उद्योग, साबुन उद्योग, नमकिन तथा अचार उद्योग स्थापना गरिने छन र यसका लागी सहकारी तथा निजि क्षेत्र लाई प्रोतसाहित गरिने छ ।

१३. पर्यटकिय क्षेत्रको पहिचान गरी आवश्यक पूर्वाधार निर्माण गर्नुका साथै यस क्षेत्रमा सम्वन्धित निकायहरु संग प्रभावकारी समन्वय गर्दै  रोजगारीका अवसरहरु सिर्जना गर्न प्रोत्साहित गरिनेछ । निजी सहकारी  साझेदारी लाई प्राथमिकता दिइनेछ ।

१४. आन्तरीक तथा बाह्य  पर्यटक प्रर्वधनका लागी पर्यटकीय आवस तथा होमस्टे गाउँ संचालन गरिने छ ।

१५. बिद्यमान शैक्षिक पाणलिमा सुधार गरी ब्यवसायिक, प्राविधिक, बालमैत्री, अपाङ्गमैत्री शिक्षा प्रदान गरिने छ । शिक्षण सिकाईलाई प्रभावकारी बनाउन प्रत्येक बिद्यालमा हरेक महिना अनिवार्य अनुगमन तथा सुपरिवेक्षण गर्ने ब्यवस्था मिलाईनेछ । बालबालिकाको चौतर्फी बिकासमा शिक्षाको महत्व भुमिका भएकोले सर्बोत्कृष्ट काम गर्ने शिक्षकलाई पुरुस्कृत गर्ने तर कानून नबन्दा बाहेक कुनै पनि शिक्षक अनुपस्थित रहेमा, शिक्षण कार्य नगरेमा, र मादक पदार्थ सेवन गरी बिद्यालयमा भेटीएमा प्रचलित कानून बमोजिम कडा कारवाही गर्ने निती अवलम्बन गरिने छ । शिक्षण शिकाई गर्दा पठ्यपुस्तकमा मात्रै भर नपरी अनिवार्य दैनिक पाठयोजना तथा सूचना प्रविधिको सक्दो प्रयोग र अन्य उपयुक्त समाग्री मनोरञ्जनात्मक क्रियाकलाप र खेलहरुको माध्यमबाट पठनपाठन गर्ने ब्यवस्था मिलाईने छ । यस गा.पा. का सामुदायिक बिद्यालय बिद्यालयहरुमा आधारभुत तह (कक्षा १-८) सम्म अनिवार्य अंग्रेजी

माध्यम बाट र एउटा बिषयको रुपमा डोटेली भाषा को पनि पठन पाठनको ब्यवस्था मिलाईने छ । प्रारम्भिक बाल विकास केन्द्रको चौतर्फी विकासको लागी आवश्यक पहल कदमी लिईने छ । अनाथ एवम् टुहुरा बालबालिकाको संरक्षण गरी शिक्षाको उज्यालो ज्योती प्रदान गर्नको निम्ति आ.व. ०७४/७५ मा वडा नं. ४ मा निर्माण भएको अनाथालय भवन संचालन गरी उचित ब्यवस्थापन गरिने छ ।

१६. शिक्षालई प्रविधिसँग जोडी आधारभुत तह सम्म ई शिक्षा कक्षा संचालन गर्न पहल गरिने छ ।

१७. शिक्षालाई गुणस्तरिय बनाउन गुणस्तरका बिद्यालयलाई अनुदान कार्यक्रम संचालन गरिने छ । यसका लगी आवस्यक बजेटको व्यवस्था मिलाईएको छ ।

१८. आधारभूत गुणस्तरीय स्वास्थ सेवामा जनताको सरल पहुँच सुनिश्चित  गर्न आवश्यक व्यवस्था मिलाईनेछ । संस्थागत  सुत्केरी गाउँपालिका, बालविवाह  रहित गाउँपालिका, कुपोषण रहित गाउँपालिका घोषणा अभियान संचालन गरिनेछ । स्वास्थ्य विमा र महिला स्वंयम सेविकालाई प्रोत्साहन दिने काम  गरिनेछ ।

१९. छोरी जन्माउने आमालाई प्रोतसाहन कार्यक्रमलाई निरन्तरता दिईने छ र यस कार्यक्रमका लागी आवश्यक बजेटको व्यवस्था मिलाईएको छ ।

२०. स्वास्थ्य सेवालाई सहज बनाउन एम्बुलेन्स संचालन, प्रयोगशाला स्थापना र जनशक्ती व्यवस्थापन गरिने छ र यसका लागी आवश्यक बजेटको ब्यवस्था मिलाईएको छ ।

२१. सँघीय तथा प्रदेश सरकार सँग समन्वय गरी गाउँपालिका भित्र १५ सैयाको अस्पताल स्थापनाका लागी आवस्यक पहल गरीने छ ।

२२. सरसफाई उन्मुख गाउँपालिका बनाउन वडाहरुमा ब्यक्तिगत, घराईसी  र बातावरणीय सरसफाई कार्यक्रम संचालन गरी सरसफाई उन्मुख वडा घोषणा गरिनेछन् ।

२३. समावेशीकरणको राष्ट्रिय निति अनुरुप यस गाउँपालिका भित्र पिछडिएको वर्ग, गरिव, दलित, जनजाती, महिला, अल्पसंख्यक, उत्पीडित वर्ग लाई नीति निर्माण तहमा समाबेश गरी उनीहरुको उत्थान एवम् क्षमता अभिवृद्धि गरी सशक्तिकरण गर्न आवश्यक पहल कदमी गरिने छ । यसका साथै सिकाई प्रशिक्षण केन्द्र, शिल्पकला केन्द्र, बाल उद्यान तथा मनोरञ्जन केन्द्र सञ्चालन गरिनेछन । छुवाछुत मुक्त गा.पा., पूर्ण बिभेद रहित गा.पा., छाउपडीमुक्त गा.पा., बालमैत्री गा.पा., महिला हिंसा रहित गा.पा., जेष्ठ नागरीक मैत्री गा.पा. आदि जस्ता अभियान हरु संचालन मा ल्याईनेछ ।

२४. बृद्ध मनोरन्जन केन्द्र स्थापनाका लागी आवस्यक बजेटको व्यवस्था गरिएको छ ।

२५. गाउँपालिकाका सबै वार्डहरुमा स्वच्छ खानेपानीको व्यवस्था मिलाईनेछ ।  एक टोल एक धारा  हुदै एक घर एक धारा अभियान संचालन  गरिनेछ ।

२६. पूर्वाधार विकासमा विशेष जोड दिईनेछ र गाउँपालिका गौरवका आयोजना हरुलाई उच्च प्राथमिकता दिईएको छ ।

२७. वार्ड नं. १ र ८ का वडा केन्द्रहरु यस आ.व. भित्र सडक सञ्जालबाट जोडिनेछन र एक टोल एक सडक, एक वार्ड एक चक्रपथ बनाउने योजना सञ्चालनलाई निरन्तरता दिईने छ ।

२८. निर्माण भएका गाउँपालिकाका गौरवका सडकहरु स्तरोन्नती गर्न आवस्यक बजेटको व्यवस्था मिलाईएको छ ।

२९. भवन आचारसंहिता लागू गरी व्यवस्थित बजारीकरण र भुकम्प पर्तिरोधात्ममक घर निर्माण लाई कार्यान्वयनमा ल्याईनेछ ।

३०. ग्रामिण विद्युतकिरण, लघुउर्जा, सौर्यउर्जा, आदिलाई प्राथमिकतामा राखी सम्पूर्ण वार्ड मा विद्युतिकरण गरिनेछ र उज्यालो दोगडाकेदार अभियान लाई निरन्तरता दिईने छ ।

३१. बैकल्पीक उर्जा प्रवर्धन केन्द्र तथा प्रदेश सरकार संग समन्वय गरी सडक बत्ती, पम्पीङ्ग खानेपानी योजना, पम्पीङ्ग सिंचाई योजना, सुधारीएको घट्ट, बिद्यालय हरुमा सोलार, स्वास्थ्य चौकीहरुमा सोलार, गोवरग्यांस, सुधारीएको चुलो जस्ता कार्यक्रम संचालन गर्न आवश्यक पहल गरिने छ ।

३२. यस आर्थिक वर्षलाई उर्जा क्षेत्रको बिकासका लागी उर्जा वर्षको रुपमा मनाउन आवश्यक वजेटको व्यवस्था मिलाईएको छ । सौर्य सोलार प्रबिधी मार्फत खानेपानी, सिंचाई, सडक बत्ति जस्ता कार्यकमलाई प्रार्थमिकता दिइईनेछ ।

३३. यस आर्थिक वर्षमा गा.पा. सिमना पर्ने बैतडी दार्चुला सडक खण्डमा प्रवेश तथा स्वागत गेट निर्माणका लागी आवश्यक वजेको व्यवस्था मिलाईएको छ ।

३४. दोगडाकेदार गाउँपालिका का गौरवका आयोजना कार्यान्वयनका लागी आवश्यक साधन स्रोतको व्यवस्थापन गरिनेछ र नियमित अनुगमन मूल्याङनको गरिनेछ ।

३५. सार्वजनिक स्थलहरुमा फोहर गर्न नदिने, फोहरफाल्न कन्टेनर राख्ने तथा राख्नलगाउन आवश्यक पहल कदमि गरिने छ ।

३६. वातावरण संरक्षण गर्न एक व्यक्ति एक विरुवा अभियान संचालन गरिने छ र यसका लागी नर्सरी स्थापना कार्यक्रम लाई निरन्तरता दिईने छ ।

३७. जोखीम तथा विपत व्यवस्थापनलाई ध्यानमा राखी बिपत ब्यवस्थापन कोष संचालन गर्न आवश्यक व्यवस्था मिलाईने छ ।

३८. बित्तिय सुशासन तथा क्षमता विकासका लागी सहकारी तथा निजि क्षेत्रलाई समन्वय गरी आवश्यक कार्यक्रम संचालन गरिने छन ।

३९. समृद्ध दोगडाकेदार गाउँपालिका निर्माणका लागी यस क्षेत्रमा कार्यरत गैर सरकारी संघ सस्थाहरु, अन्तर्राष्ट्रिय संघ सस्थाहरु, सहकारी तथा निजी क्षेत्रसंग समन्वय गरी योजना तथा कार्यक्रम सञ्चालन गरिनेछ ।

४०. सामाजिक सेवालाई चुस्त, दुरुस्त, जनमुखी, परिणाममुखी र सेवाग्राही मैत्री बनाउन आवश्यक पहल कदमी गरिने छ । पारदर्शिता, सूचनाको हक, बिधिको शासन, जनउत्तरदायित्व आदि सुनिश्चित गरी गा.पा. भित्र सुशासन कायम गर्न नागरिक वडापत्रको ब्यवस्था, सूचना सार्वजनकिकरण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण आदिलाई प्रभावकारी रुपमा संचालन गरिने छ । यसका साथै खटिएर ईमान्दारीपूर्वक काम गर्ने राष्ट्रसेवक कर्मचारी लाई उचित पुरुस्कारको ब्यवस्था गरिने छ र कानून भन्दा बाहेक अनुपस्थित रहने, घुस तथा कमिसन लिने, जनतालई दुःख दिने, सेवा प्रवाहमा ढिलो गर्ने मादक पदार्थ सेवन गर्ने जस्ता अनुचित कार्य गर्ने कर्मचारी तथा सार्वजनिक पद धारण गरेको ब्यक्तिलाई कडा भन्दा कडा करवाही गरिने छ ।

४१. यस गा. पा. अन्तरगत रहेका सहकारी संस्थाहरु लाई कृर्षि, पशुपालन, पर्यटन, लघु उद्यम, लघुविद्युत जस्ता उत्पादन क्षेत्रमा काम गर्न प्रोत्साहन गरिनेछ ।

४२. सार्वजनिक तथा सामाजिक सेवाको क्षेत्रमा रक्सी, धुम्रपान तथा सुर्तिजन्य पदार्थ सेवनलाई पुर्ण रुपमा निषेध गरिनेछ । उपभोक्ताको हक हित संरक्षण गर्न प्रत्येक पसलमा मुल्य सूचि राख्न लगाईने छ र गुणस्तरयुक्त समाग्रीको सुनिश्चिताको लागी समय समयमा अनिवार्य वजार अनुगमन गरिने छ र गुणस्तरहिन सामाग्री भेटिएमा प्रचलित कानून बमोजिम कारवाहि गरिनेछ ।

४३. यस गा.पा. को सूचना तथा संचार प्रविधिको विकास एंवम विस्तारको लागि आवस्यक ब्यवस्था मिलाईने छ । दोगडाकेदारको सामाजिक, ऐतिहांसिक, संस्कृति झल्किने गरी संग्राहालयको स्थापना गर्न पहल गरिनेछ । डोटेलि भाषाको संरक्षण र सम्बृर्धन गर्नका लागी आवश्यक पहल कदमी गरिनेछ ।

४४. दोगडाकेदारको स्थानिय उत्पादनलाई प्रोत्साहन, प्रर्वद्धन एवम निर्यात गर्न दोगडाकेदार कोसेलिघर निर्माणको ब्यवस्था मिलाईने छ ।

४५. युवा वर्गको बिकासका निम्ति युवा स्वरोजगार कार्यक्रम संचालन गरिने छन । स्वच्छ जीवनका लागी खेलकुद भन्ने मुल मर्मका साथ खेलकुद क्षेत्रको बिकासको लागी आवश्यक पहलकदमी गरिनेछ ।

४६. यस गाउँपलिपाकाको आर्थिक स्तरबृद्धी गर्न करका दर भन्दा पनी दायराहरु फराकिलो बनाईने छ । गाउँपालिका लाई आर्थिक क्षेत्रमा आत्मनिर्भर बनाउन, बेरोजगारी समस्या समाधान गर्न विभिन्न ठाउँमा चिउरी प्रशोधन केन्द्र, रिठ्ठा प्रशोधन केन्द्र, साबुन उद्योग, मैनबत्ति तथा अगरबत्ती उद्योग, बेकरी उद्योग, फलफुल बगैचा स्थापना, दुध उत्पादन एवम संकलन केन्द्र, केतुकी प्रशोधन केन्द्र आदि जस्ता लघु उद्योगहरु स्थापना गर्न प्रोत्साहन गरिने छ ।

अध्यक्ष महोदय,

आव मं आ.व. ०७५/०७६ को लागी अनुमानित अय तथा व्ययको विवरण प्रस्तुत गर्ने चाहन्छु ।

| आ.व. २०७५/०७६ को लगी आय व्यय बिवरण अनुमान | | | |
|---|---|---|---|
| **आय तर्फ** | | **व्यय तर्फ** | |
| | रकम रु | | रकम रु |
| समाजिक सुरक्षा अनुदान | 5,50,00,000 | समाजिक सुरक्षा अनुदान | 5,50,00,000 |
| आन्तरिक श्रोतको अनुमान | 55,15,000 | सशर्त तर्फ खर्च | 14,58,00,000 |
| चालु आ.व. मा बांकी रहने रकमको अनुमान | 0 | चलु खर्च | 4,89,28,000 |
| संघ सस्था अनुदान अनुमान | | सम्पुरक कोष | 2,50,00,000 |
| जनश्रदान | | फर्निचर | 10,00,000 |
| | | मेसिनरी औजार | 10,00,000 |
| **संघीय सरकार बाट** | | सवारी साधन | 1,00,00,000 |
| ससर्त अनुदान | 14,58,00,000 | पुजीगत अनुसन्धान तथा परामर्श | 15,00,000 |
| बित्तिय समानिकरण अनुदान | 9,01,00,000 | पुजित खर्च | 11,44,23,000 |
| राजश्व बांडफांड | 6,71,80,000 | | |
| **प्रदेश सकार बाट** | | | |
| बित्तिय समानिकरण अनुदान | 67,80,000 | | |
| राजश्व बांडफांड | 22,76,000 | | |
| संम्पुरक अनुदानको अनुमान | 2,00,00,000 | | |
| बिशेष अनुदानको अनुमान | 1,00,00,000 | | |
| संघ सस्था अनुदान अनुमान | | | |
| | **40,26,51,000** | | **40,26,51,000** |

**क्षेत्रगत रुपमा बिकास निर्माण खर्च रु. ११ करोड लाख लाख २३ हजार** ( **बिकास निर्माण कार्यको लागी यो रकम लाई १००% मानेको छ** )

१. **आर्थिक बिकास अन्तरगत** कृर्षि, पशु विकास, उद्योग तथा बाणिज्य र पर्यटन तर्फ रु. २ करोड अर्थात १४.५० % बिनियोजन गरिएको छ ।

२- **समाजिक विकास** अन्तरगत शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्धन, लैंगिक समानता तथा सामाजिक समावेशिकरण तथा विविध तर्फ रु. २ करोड १५ लाख अर्थात १८.७८% बिनियोजन गरिएको छ ।

३- **पुर्वाधार विकास अन्तरगत** सडक तथा पुल, झोलङ्गे पुल सहित) सिंचाई, भवत तथा सहरीविकास, उर्जा, लघुतथा साना जलबिद्युत ( बैकल्पीक उर्जा समेत), संचार, खानेपानी पुर्वाधार तथा बिबिध **रु.** ७ करोड २० लाख ९५ हजार अर्थात ६३% बिनियोजन गरिएको छ ।

४- **वातावरण तथा बिपद ब्यवस्थापन अन्तरगत** वन तथा भुसंरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहर मैला व्यवस्थापन, जलउत्पन्न प्रकोप नियन्त्रण, विपत ब्यवस्थापन, वारुण यन्त्र संचालन, लेण्डफिल्ड साईड तथा बिविध रु. ११ लाख ४४ हजार १.०१ %

५- **संस्थागत विकास तथा सेवा प्रवाह:** अन्तरगत रु. १९ लाख ४० हजार अर्थात १.७० % बिनियोजन गरिएको छ ।

६- **बित्तिय व्यवस्थापन तथा सुशासन** अन्तरगत लेखाङ्कन तथा राजश्व परिचालन, सामाजिक परिक्षण, अन्तिम लेखा परिक्षण तथा वेरुजू, सार्वजनिक सुनुवाई, आन्तिरिक नियन्त्रण तथा लेखा परिक्षण, वित्तिय अनुसाशसन तथा जोखीम न्यूनिकरण र विविध तर्फ रु ११ लाख ४४ हजार अर्थात १.०१ % बिनियोजन गरिएको छ ।

अन्त्यमा,

यस नीति, कार्यत्रम्क तथा बजेट निर्माणका सथै स्थानिय तह संचालन नव निर्माण, पुर्ननिर्माण तथा आर्थिक सामाजिक बिकासका विविध पक्षमा महत्वपूर्ण सहयोग पुऱ्याउने राजनितिक दल, राष्ट्रसेवक कर्मचारी, सामाजिक अगुवा, बुद्धीजिवि, सञ्चार जगत, ब्यवसायी, सुरक्षा निकाय लगायत समस्त दोगडा केदार बासिहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।